बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश नेपाल

आज मिति २०७९ आषाढ ४ गतेका दिन बेसीशहर नगरपालिका नगरकार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ३९ (उनान्चालिसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| पद | नाम |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| उप प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " २ | श्री मदन बहादुर राना |
| " " " ३ | श्री चित्र बहादुर दनाई |
| " " " ४ | श्री गम बहादुर गुरुङ |
| " " " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " " ६ | श्री प्रकाश थापा |
| " " " ७ | श्री ऋषिराम बस्नेत |
| " " " ८ | श्री पवित्रा थापा राना |
| " " " ९ | श्री खुसिजंग गुरुङ |
| " " " १० | श्री गंगा बहादुर थापा |
| " " " ११ | श्री शिव प्रसाद जोशी |
| " " | श्री हिरालाल विश्वकर्मा |
| " " | श्री श्रीनाथ दुलाल |
| " " | श्री कल्पना थापा बोहरा |
| " " | श्री विमला न्यौपाने अधिकारी |
| " " | श्री सुकमाया गुरुङ |
| " " | श्री सुकमाया घर्ती |
| " " | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीहरुको उपस्थिति

योजना / प्रशासन शाखा प्रमुख - श्री शम्भु प्रसाद घिमिरे
सामाजिक विकास शाखा प्रमुख - श्री महेन्द्र पोखरेल
राजश्व शाखा प्रमुख - श्री सुशिला श्रेष्ठ

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३



**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०३/०५ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. आ.व.२०८१/८२ को नीति, कार्यक्रम र बजेटका सम्बन्धमा ।
३. आर्थिक विधेयक २०८१ को सम्बन्धमा ।
४. नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमको सम्बन्धमा ।
५. ढुंगा,गिटी, बालुवाको ठेक्का सम्बन्धमा ।
६. सूचना तथा सञ्चार प्रविधि नीति निर्माण सम्बन्धमा ।
७. मेन्टर शिक्षकहरुको सम्बन्धमा ।
८. वडास्तरीय आयोजना/कार्यक्रम संशोधन/ब्रेकडाउन सम्बन्धमा ।
९. नगरसभाको व्यवस्थापन सम्बन्धमा ।
१०. विविध
- अनुगमन समिति गठन सम्बन्धमा ।
- विपद्जन्य सामाग्री खरिद सम्बन्धमा । तारजाली/त्रिपाल/बकेट/पाइप /प्लाष्टिक
- विपदको इन्धन/मर्मत सम्बन्धमा ।

## बैठकका निर्णयहरु

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**
मिति २०८१/०२/२३ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : आ.व.२०८१/८२ को नीति, कार्यक्रम र बजेटका सम्बन्धमा ।**
मिति २०८१ असार १० गतेको नगरसभा अधिवेशनमा प्रस्तुत हुने नीति, कार्यक्रम र बजेटका सम्बन्धमा हालसम्म विभिन्न चरणमा भएका बैठकहरुमा भएका निर्णय छलफलका आधारमा पेश भएको नीति, कार्यक्रम र बजेट मस्यौदामा छलफल भई यस बैठकमा प्राप्त भएका सुझावहरुलाई समेत समावेश गरी यही २०८१ असार ९ गतेको कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : आर्थिक विधेयक २०८१ को सम्बन्धमा ।**
राजश्व परामर्श समितिका बैठकहरुमा छलफल भई आजको कार्यपालिका बैठकमा पेश भएको करका दर र दायराहरु समेटिएको आर्थिक विधेयक २०८१ को सम्बन्धमा छलफल हुँदा प्राप्त भएका सुझावहरुलाई समेत समावेश गरी यही २०८१ असार ९ गतेको कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/०५ गतेको बैठक

**निर्णय नं ४ : नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमको सम्बन्धमा ।**

हालसम्म तयार भएको नगरस्तरीय र वडास्तरीय कार्यक्रमहरुको बारेमा बैठकमा छलफल भयो । साथै सवै वडाहरुले वडास्तरीय कार्यक्रमहरु नगरपालिकामा असार १० अगावै पेश गर्ने र नगरस्तरीय कार्यक्रम समेत टुंगोमा पुर्याउने निर्णय गरियो ।

**निर्णय नं ५ : ढुंगा,गिटी, बालुवाको ठेक्का सम्बन्धमा ।**

ढुंगा, गिटी, बालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी मिति २०८१/२/२३ को नगर कार्यपालिका बैठकको निर्णयमा देहायका घाटहरुको सम्बन्धमा देहाय वमोजिम हुने गरी संशोधन गर्ने र अन्यको हकमा सो निर्णयलाई यथावत राखी सोही आधारमा बोलपत्र सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

देहायः

| क्र. सं | नदी/ खोला | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं. | ल. (मि) | चौ. (मि) | उ. (मि) | उत्खनन् योग्य परिणाम | प्रस्तावित ठेक्का रकम |
|---|---|---|---|---|---|---|---|---|
| ७ | मर्स्याङदी | **रानीकुवा टापु मुनीको खण्ड** (मरनघाटमाथिको खण्डदेखि आँपचौरको पुलसम्म) | ३ | २०० | २५ | १ | २५०० | १२००००० |
| ११ | मर्स्याङदी | **आर्मी ब्यारेक पुछार** (चिती मोटरेवल पुलदेखि माथि आर्मी ब्यारेक मुनीको भाग) | १,११ | २०० | २० | १.५ | ३००० | १२००००० |
| १२ | मर्स्याङदी | **रिठ्ठेवगर घाट** (चिती मोटरेवल पुल घुम्तीदेखि तल देउथान खोलासम्म | १,११ | १५० | ४० | ३ | ९००० | ४०००००० |

**निर्णय नं ६ : सूचना तथा सञ्चार प्रविधि नीति निर्माण सम्बन्धमा ।**

मिति २०८१/०१/३० मा बेसीशहर नगरपालिका, त्रिभुवन विश्व विद्यालय स्कूल अफ म्यानेजमेन्ट, तथा प्रगति पथ प्रा. लि. बिच सम्पन्न भएको त्रीपक्षीय सहकार्य सम्वन्धी साझेदारी (Memorandum of Understanding) दफा-१, समझदारीको बिषय तथा दफा-२ मा रहेको "..बिषयगत रुपमा बिभिन्न कार्यान्वयन संझौता गर्न सकिने" प्रावधान अनुसार यस नगरपालिका र प्रगति पथ प्रा. लि. बिच द्विपक्षीय कार्यान्वयन संझौता गरी नगरपालिकाको सूचना तथा सञ्चार प्रविधि नीति यथासक्य यसै आ. ब. २०८०/०८१ मा सम्पन्न हुने गरी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ : मेन्टर शिक्षकहरुको सम्बन्धमा ।**

बेसीशहर न पा लाई यस आ. व. २०८०/८१ मा शसर्त अनुदान मार्फत विद्यालय शिक्षा क्षेत्र योजना ब. शी. नं. ३५००१८०१ तथा ब. क्रि. क. नं. २.७.१३.३०२ मा शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षणका लागि बजेट प्राप्त भएको र शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यबिधि २०८० अनुसार बेसीशहर नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा मार्फत यस नगरपालिका अन्तर्गत कार्यरत

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/०५ गतेको बैठक

नवनियुक्त भएका आधारभूत तह तथा प्राथमिक तहका १४ जना शिक्षकहरुका लागि ३ जना मेन्टर शिक्षकहरुको नियुक्ति गरी शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चलन भैरहेकाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च. नं. १७८ मिति २०८०/१२/१८ को पत्र अनुसार मेन्टर शिक्षकले पेश गरेको आर्थिक प्रस्ताव स्वीकृत गरी आवश्यक प्रकृया पुरा गरी भक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ८ : वडास्तरीय आयोजना/कार्यक्रम संशोधन/ब्रेकडाउन सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका आयोजना तथा कार्यक्रमलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन/एकिकरण गर्ने निर्णय गरियो ।

देहायः

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर तथा विविध कार्यक्रम, बेनपा-१ | ४ लाख | १.१पौडेल गाउँ अधुरो सिंढी निर्माण, बेनपा-१ | १० हजार |
| | | १.२ भवन सहितको विश्वकर्मा बावा मन्दिर निर्माण गर्न, बेनपा-१(विश्वकर्मा एकता समाज) | ५ हजार |
| | | १.३ अति विपन्न बालबालिकालाई पोशाक खरिद, (जनकल्याण माविका) | १२ हजार |
| | | १.४ थामडाँडा माथि कुँडुले खोलासम्म ग्राभेल, बेनपा १ | १५ हजार |
| | | १.५क्रियटिभ मिडिया नेटवर्क प्रा.लि शुभकामना सन्देश खर्च, | ५ हजार |
| | | १.६ वडा कार्यालय हल रंगरोगन र कार्पेटिङ तथा वडाध्यक्ष कक्ष डेकोरेसन बेनपा-१ | २८ हजार |
| २. विपद् व्यवस्थापन, राहत उद्धार लगायत, बेनपा-५ | २ लाख | २.देहायका व्यक्तिहरुलाई खाद्यान्न राहत सहयोग, बेनपा-५ जनही १९ हजार बराबरको । सूर्य गुरुङ, बिने विक, हेमकाशी गुरुङ, अमृत गुरुङ र हेमा गुरुङ | ९५ हजार |
| ३.कपुरिश्वर मन्दिर चिता निर्माण, बेनपा-८ (नगरस्तरीय) | २ लाख | ३.सुमित्राको घरदेखि वीर बहादुर घिमिरेको जग्गा सम्मको अधुरो बाटो स्तरोन्नति, बेनपा-८ | २ लाख |
| ४.विपद् व्यवस्थापन खर्च, बेनपा-८ | २ लाख | ४.झिंगेखोलामा फलामे पुल निर्माण, बेनपा-८, राधेराधे भवन पछाडि | १ लाख |
| ५.युवा तथा खेलकुँद, बेनपा-२ | २ लाख ७० | ५. सडक मर्मत विपद, वेनपा-२ | ४० हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/०५ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. हजार | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| ६.वडा महिला, बालबालिका र सामाजिक समावेशीकरण, बेनपा-२ | ३ लाख ६५ हजार | ६. सडक मर्मत, विपद, बेनपा-२ | ७५ हजार |
| ७.विद्यालय डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन, पूर्वाधार सुधार ......बेनपा-२ | ६ लाख | ७. कार्यालय कुर्ची खरिद, बेनपा-२ | २० हजार |
| ८. महिला स्वा.स्वं से.हरुको क्षमता अभिबृद्धि ....... बेनपा-२ | २ लाख ५० हजार | ८. विद्यालयहरुको लागि प्राथमिक उपचार सामान खरिद,(बालकल्याण, कालिका मिलन मावि र बालविद्याश्रम प्रावि बेनपा २) | ५० हजार |
| ९.वडाका आवश्यक ठाउँमा सडक मर्मत सम्भार, बेनपा-२ | २ लाख | ९.वडा कार्यालय जाने बाटो र गाडी स्टयाण्ड टहरा निर्माण, बेनपा-२ | ६५ हजार |
| १०.१ स्वास्थ्य सेवा प्रवर्द्धन, बेनपा-१०<br>१०.१ महिलाहरुको सीप क्षमता विकास प्रवर्द्धन, बेनपा-१०<br>१०.३ दलित लक्षित जनचेतना प्रवर्द्धन/सीप विकास कार्यक्रम बेनपा १० | १ लाख<br>१ लाख<br>५० हजार | १०.जन विकास मा.वि. मर्मत योजना, बेनपा-१० | २ लाख ५० हजार |

<u>निर्णय नं ९ : नगरसभाको व्यवस्थापन सम्बन्धमा ।</u>

नगरसभाको १५ औं अधिवेशनको लागि हल सेटिङ, साउण्ड सिष्टम,मञ्च सजावट लगायतको व्यवस्थापकीय कार्यको लागि कार्यपालिका सदस्य श्री हिरालाल विश्वकर्माको संयोजकत्वमा सूचना प्रविधि अधिकृत श्री मुकेश कुंवर र वरिष्ठ प्रशासन सहायक सन्तोष साह सदस्य रहेको समिति गठन गरी उक्त समितिलाई जिम्मेवारी दिने अन्य कार्य विभाजन प्रमुख प्रशासकीय अधिकृतले मिलाउने निर्णय गरियो ।

<u>निर्णय नं १० : अनुगमन समिति गठन सम्बन्धमा ।</u>

बेसीशहर नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि,२०७६ को दफा-२ (क) अनुसार अनुसूची-१ मा पूर्वाधार, स्थायी एवम् स्तरोन्नति स्वीकृतिको प्रयोजनको लागि गठित अनुगमन समितिमा नगरपालिकाको सामाजिक विकास समितिको संयोजक सो समितिको संयोजक, स्वास्थ्य शाखा प्रमुख सदस्य तथा सोही शाखाको जनस्वास्थ्य निरीक्षक सदस्य सचिव रहने गरी अन्य सदस्यहरु यथावत राखी संशोधन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/०५ गतेको बैठक

निर्णय नं ११ : विपद्जन्य सामाग्री खरिद सम्बन्धमा ।

मनसुनजन्य विपद्को समयमा आवश्यक पर्ने तारजाली, त्रिपाल, नाली सफा गर्ने बकेट, सिंचाइ तथा खानेपानी पाइप, प्लाष्टिक लगायतका सामाग्री खरिद गर्ने/गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

निर्णय नं १२ : विपदको इन्धन/मर्मत सम्बन्धमा ।

चालु आ.व. २०८०/८१ को भुक्तानी दिन बाँकी रहेका/ प्राप्त हुने इन्धन/मर्मतको विलमध्ये जेसिबी, दमकल तथा एम्बुलेन्समा भएको इन्धन तथा मर्मत खर्च विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख